# भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८०

लुम्बिनी प्रदेश सरकार

**उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

<u>प्रस्तावना</u>: लुम्बिनी प्रदेशभित्र रहेका विभिन्न धार्मिक, सांस्कृतिक, पुरातात्त्विक क्षेत्र, पर्यटकीय स्थलहरुको संरक्षण र संबर्द्धन गर्दै नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकासमार्फत लुम्बिनी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याई स्थानीय रोजगारी प्रवर्द्धनमा सहयोग पुग्ने क्रियाकलापलाई सम्बोधन गर्न लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, पर्यटन विकास परिषद् र मातहतका कार्यालयहरुमार्फत सञ्चालित विभिन्न निर्माणात्मक, प्रवर्द्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न बाञ्छनीय भएकाले प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०८०"रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"अध्यक्ष"** भन्नाले यस कार्यविधि बमोजिम गठित उपभोक्ता समितिको अध्यक्ष सम्झनुपर्दछ।

(ख) **"आयोजना"** भन्नाले भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम स्वीकृत भएको कार्यालयले प्रचलित कानून बमोजिम आफै वा उपभोक्ता समिति मार्फत वा संस्था मार्फत संचालन गर्ने सो विषय सम्बन्धि आयोजना सम्झनु पर्दछ। र, सो शब्दले लागत साझेदारीमा संचालन हुने योजना तथा कार्यक्रम समेतलाई जनाउछ ।

(ग) **"आयोजना खाता"** भन्नाले उपभोक्ता समितिबाट सञ्चालित आयोजनाको नामसहित आयोजनासँग सम्बन्धित विस्तृत विवरण संलग्न भएको खाता सम्झनुपर्दछ।

(घ) **"उपभोक्ता"** भन्नाले सम्बन्धित आयोजना स्थलमा वरपर घर वा जग्गा भएको बासिन्दा र सो कार्यक्रमबाट प्राप्त हुने सेवा उपभोग गर्ने व्यक्तिलाई सम्झनुपर्दछ।

(ङ) **"उपभोक्ता समिति"** भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा (२) को खण्ड (ट) बमोजिमको उपभोक्ता समिति सम्झनुपर्दछ।

(च) **"ऐन"** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्दछ।

(छ) **"ठूला मेशिनरी तथा उपकरण"** भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्याउने तथा श्रममूलक प्रविधिलाई समेत विस्थापित गर्ने प्रकृतिका ठूला मेशिनरी उपकरण (डोजर, एक्साभेटर, रोलर, ग्रेडर, बिटुमिन डिस्ट्रिब्यूटर जस्ता उपकरण) लाई सम्झनुपर्दछ।

(ज) **"धार्मिकस्थल"** भन्नाले सार्वजनिक प्रयोगमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च र मस्जिद आदि सम्झनुपर्दछ र सो शब्दले कुनै आदर र भक्तिपूर्वक आस्था तथा सम्मानका साथ विश्वास गर्ने त्यस्तै प्रकारका अन्य धार्मिकस्थल र सो स्थलले चर्चेको भौतिक संरचना र जग्गालाई समेत जनाँउछ।

(झ) **"नियमावली"** भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्दछ।

(ञ) **"पदाधिकारी"** भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्दछ।

(ट) **"मन्त्रालय"** भन्नाले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेशलाई सम्झनुपर्दछ।



मुख्यमन्त्री

(ठ) "लागत अनुमान" भन्नाले आयोजना निर्माण गर्न लाग्ने अनुमानित रकम र यसमा गुणस्तर परीक्षण खर्च, ओभरहेड, वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्च, बीमा, मूल्य अभिबृद्धि करसमेत समावेश भएको अनुमानित रकम सम्झनुपर्दछ । वा शो शब्दले लागत सहभागिता बापत उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम समेत लाई जनाउछ ।

(ड) "लागत सहभागिता" भन्नाले आयोजनामा उपभोक्ता समितिको तर्फबाट गर्ने नगद,बस्तुगत वा श्रम सहभागितालाई जनाउँछ।

(ढ) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनुपर्दछ।

(ण) "श्रममूलक कार्य" भन्नाले स्थानीय श्रोत, साधन र सीप प्रयोग भई स्थानीयस्तरमा स्थानीय व्यक्तिबाट नै गराउन सकिने कार्य सम्झनुपर्दछ।

(त) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू हुने स्थानको नगरपालिका/गाउँपालिकालाई सम्झनुपर्दछ।

(थ) "सदस्य" भन्नाले उपभोक्ता समितिका पदाधिकारी र सदस्यलाई सम्झनुपर्दछ।

(द) "सम्झौता" भन्नाले लागत अनुमान बमोजिम भाषा संस्कृती तथा पर्यटन प्रवर्द्धन सम्बन्धि आयोजना निर्माण गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई सम्झनुपर्दछ।

(ध) "सम्बन्धित निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा वार्षिक विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको मन्त्रालय मातहतको सरकारी निकायलाई सम्झनुपर्दछ।

(न) "समिति" भन्नाले धार्मिक एवम् पर्यटकीय स्थलको सञ्चालन, संरक्षण र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम स्थापित मुख्य सरोकार रहेको कुनै संघ, संगठन वा समिति सम्झनुपर्दछ।

(प) "संरक्षण" भन्नाले संरक्षित धार्मिक,सांस्कृतिक एवम् अन्य पर्यटकीय सम्पदालाई मौलिक स्वरुप विग्रन नदिन त्यस्तो सम्पदालाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने समेतका प्रवन्ध गरी स्मारकलाई दुरुस्त राख्ने काम सम्झनुपर्दछ।

(फ) "संस्था" भन्नाले संस्था दर्ता ऐन, २०३४ वा अन्य प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनुपर्दछ ।

(ब) "सार्वजनिक निकाय" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) को खण्ड (ख) बमोजिमका निकायलाई सम्झनु पर्दछ ।

३. उद्देश्यः (१) लुम्बिनी प्रदेश सरकारवाट उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र मातहतका कार्यालयका लागि स्वीकृत हुने वार्षिक कार्यक्रममध्ये भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न खर्च शीर्षकमा समावेश भएका योजनाहरु सञ्चालन गर्नु यो कार्यविधिको उद्देश्य रहेको छ।

(२) प्रचलित कानून बमोजिम कार्यालय आफैले वा ऐनको दफा ४४ तथा नियमावलीको नियम ९७ मा उल्लेख भए बमोजिम उपभोक्ता समिति मार्फत वा संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको छ।

(३) स्वीकृत वार्षिक विकास कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुको लागि कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट उपयुक्त स्थानको छनौट गरिनेछ।

मुख्यमन्त्री

४. <u>लागत सहभागिता हुनुपर्ने:</u> यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन वा निर्माण कार्य गर्दा आयोजनाको कूल लागत अनुमान (कन्टिन्जेन्सी बाहेकको) रकमको १० (दश) प्रतिशत रकम बराबरको योगदान उपभोक्ता समितिले व्यहोर्ने गरी अनुसूची १ बमोजिमको लागत सहभागिताको सुनिश्चितता गर्नुपर्नेछ। यस्तो लागत सहभागिता उपभोक्ता समितिले वस्तुगत वा श्रमवापत योगदान गर्ने भएमा सो रकम बराबरको गर्नुपर्नेछ ।

तर, खास लक्षित उद्देश्य पुरा गर्न वा अति विपन्न एवम् सीमान्तकृत वर्गका लागि त्यस्ता लक्षितको सहभागितामा हुने कार्यमा उपरोक्त सीमाभन्दा कम सहभागिता अंशमा काम गराउनुपर्ने भएमा त्यस्तो निकायको मन्त्रालयस्तरको निर्णयका आधारमा लाभ-सुनिश्चितता सम्बन्धी विधिको पालन गरी गर्न सकिनेछ। यसरी निर्णय गर्नुपर्दा सो कार्यको लक्षित उद्देश्य पुरा गर्ने किसिमको हो र उपभोक्ता समिति विपन्न एवम् सीमान्तीकृत वर्गको मात्र हो भनी सम्बन्धित स्थानीय तहले एकीन गरी सिफारिस गरेको हुनुपर्नेछ।

५. <u>उपभोक्ता समितिको गठन विधि, जिम्मेवारी र उत्तरदायित्वः-</u> उपभोक्ता समितिको गठन विधि, जिम्मेवारी र उत्तरदायित्व देहाय बमोजिम हुनेछः

(१) यस कार्यविधि बमोजिम निर्माण गरिने पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्ने उपभोक्ता समिति उक्त पूर्वाधार निर्माण हुने क्षेत्रका बासिन्दाहरुको सहभागिता प्रचलित कानून बमोजिम स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

(२) उपभोक्ता समिति गठन गर्दा भाषा, संस्कृति, पूर्वाधार निर्माण हुने क्षेत्रका बासिन्दाहरुको सहभागितामा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने नेपाली नागरिक घरपरिवारको आमभेलाबाट कम्तिमा ७ सदस्य रहने गरी गठन गर्नुपर्नेछ र दफा ९ बमोजिमको अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(३) उपभोक्ता समितिमा कम्तिमा एकतिहाई महिला हुनुपर्नेछ र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी रहने गरी उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(४) कुनै व्यक्ति एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन सक्नेछैन र एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति रहने गरी समिति गठन हुनेछैन।

(५) सम्बन्धित सरोकारवालालाई जानकारी प्राप्ति भएपछि निर्वाचित स्थानीय जनप्रतिनिधिको रोहबरमा स्थानीय उपभोक्ताको आमभेलाबाट उपभोक्ता समिति गठन गर्नु/गराउनु पर्नेछ।

(६) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सम्भव भएसम्म सार्वजनिक निकायको प्रतिनिधिको सहभागिता भएको हुनुपर्नेछ।

(७) आयोजनाको कार्यक्षेत्र तथा सोबाट प्राप्त हुने एकभन्दा बढी स्थानीय तहका बासिन्दा भएमा यस्ता सरोकारवाला सबै स्थानीय तहले आफ्नो क्षेत्रको उपभोक्तालाई उपस्थितिको लागि जानकारी गराउनुका साथै समिति गठनका बखत आफ्नो प्रतिनिधि पठाउनुपर्नेछ।

(८) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ र सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(९) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्नेछ।

(१०) उपभोक्ता समिति गठन पश्चात् उक्त समितिलाई सम्बन्धित स्थानीय तहमा गरिएको दर्ता प्रमाणपत्र वा सिफारिस संलग्न गरी कार्यालयमा जानकारीका लागि पठाउनुपर्नेछ।

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(११) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(१२) देहायका व्यक्तिहरु उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन्:

(क) स्थानीय निकायका बहालवाला पदाधिकारी,

(ख) राजनीतिक दलको पदाधिकारी,

(ग) बहालवाला सरकारी कर्मचारी, सुरक्षा निकायका कर्मचारी र शिक्षक,

(घ) निर्माण व्यवसायी,

(ङ) सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति,

(छ) सार्वजनिक सम्पति हिनामिना गरेको व्यक्ति।

६. <u>उपभोक्ता समितिका सदस्यको योग्यता:</u> उपभोक्ता समितिका सदस्य हुनको लागि देहाय बमोजिम योग्यता वा मापदण्ड हुनुपर्नेछ।

(क) सम्बन्धित आयोजना क्षेत्रमा बसोबास भएको,

**स्पष्टीकरण:** यस उपदफामा बसोबास भएको भन्नाले कुनै व्यक्ति वा परिवारको आफ्नै घर वा जग्गा भएकोलाई बुझाउनेछ र बहालमा बसोबास गरेको व्यक्तिलाई यसमा समावेश गरिनेछैन।

(ख) १८ वर्ष उमेर पूरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(घ) सरकारी बाँकी बक्यौता र पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,

(ङ) उस्तै प्रकृतिको अन्य उपभोक्ता समितिको पदाधिकारी नरहेको,

(च) दफा ७ बमोजिम स्वार्थ बाझिने अवस्था नभएको र प्रचलित सार्वजनिक खरिद कानून बमोजिम अयोग्य नठहरिएको।

७. <u>स्वार्थ बाझिन नहुने:</u> (१) उपभोक्ता समितिको सदस्य हुने व्यक्तिको त्यस्तो आयोजनामा स्वार्थ बाझिन हुँदैन।

(२) देहाय बमोजिमको व्यक्ति वा पदाधिकारी उपभोक्ता समितिको सदस्यको रुपमा कार्य गर्दा स्वार्थ बाझिएको मानिनेछ।

(क) निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका कुनै पनि तहको समितिको प्रमुख वा पदाधिकारीहरु।

(ख) बहालवाला सरकारी कर्मचारी, सुरक्षा निकायका कर्मचारी र शिक्षक।

(ग) निर्माण व्यवसायी वा निर्माण सामग्री विक्री वितरण वा आपूर्ति सम्बन्धी व्यवसाय गर्ने व्यक्ति।

८. <u>कार्यको गुणस्तर:</u> यस कार्यविधि अनुसार सञ्चालन हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति वा संस्था र अनुगमन समितिको हुनेछ। सञ्चालित आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित कार्यालय वा उपभोक्ता समिति वा संस्थाको

कर्तव्य हुनेछ। गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(क) **आयोजनामा प्रयोग हुने सामग्रीको गुणस्तरः** आयोजनामा प्रयोग हुने सामग्रीको गुणस्तर लागत अनुमान तथा स्पेशिफिकेसनमा तोकिए बमोजिम कायम गर्नुपर्नेछ।

(ख) **आयोजना निर्माण विधि र प्रकृयाको गुणस्तरः** आयोजना निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता, सम्बद्ध प्रचलित मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(ग) **आयोजनाको दिगोपनाः** यस कार्यविधि अनुसार कार्यान्वयन हुने आयोजनाको दिगोपनाको लागि सम्झौता हुँदाका बखत सम्बन्धित उपभोक्ता समिति वा संस्थाबाट मर्मतसम्भार, संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी बहन गर्नुपर्नेछ।

९. **अनुगमन समितिः** उपभोक्ता समिति वा संस्थामा रहेका पदाधिकारी बाहेक उपभोक्ताहरु मध्येवाट संयोजक सहित कम्तिमा तीनजनाको अनुगमन समिति गठन गर्न सकिनेछ र उक्त समितिमा कम्तिमा एकतिहाई महिला सहभागिता हुनुपर्नेछ।

१०. **सम्झौताको लागि आवश्यक कागजातहरुः** सम्झौताको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछ-

(१) जग्गाको स्वामित्व (सार्वजनिक, गुठी, धार्मिक वन र गैरनाफामूलक संस्थागत स्वामित्व भएको प्रमाण पत्र)

(२) उपभोक्ता समिति गठनको दर्ता प्रमाणपत्र वा उपभोक्ता समिति गठन भएको स्थानीय तहको सिफारिस वा संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र, नवीकरण

(३) दर्तावाला उपभोक्ता समिति वा संस्थाको हकमा स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र,

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, पद, ठेगाना, सम्पर्क नम्बर आदि विवरण खुलेको स्थानीय तहको सिफारिस पत्र,

(५) कार्य प्रकृति अनुरुप सर्भे, डिजाईन, नक्सा तथा लागत अनुमान, कार्ययोजना, खरिद योजना (गुरुयोजना, विस्तृत परियोजनाको प्रस्ताव)।

११. **बीमाः** उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दा नियमावलीको नियम ११२ को उपनियम (३क), नियम ९७ वा नियम ९७(क) बमोजिम उपभोक्ता समितिबाट बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समितिले नियम ११२(१) बमोजिम बीमा गराउनुपर्नेछ। यसरी बीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरी दिनुपर्नेछ। यस्तो बीमाको बीमा शुल्क (प्रिमियम) सार्वजनिक निकायले लागत अनुमानमा खुलाउनु पर्नेछ।

(क) निर्माण कार्य सम्पन्न नभए सम्मको निर्माण कार्यको बीमा,

(ख) निर्माण कार्यमा संलग्न हुने कामदारहरुको निर्माण अवधिभरको दुर्घटना बीमा,

(ग) निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, मेशिनरी औजार र प्लाण्टको प्रतिस्थापन खर्चको बीमा।

मुख्यमन्त्री

१२. <u>कार्यक्रम सञ्चालनः</u> (१) स्वीकृत वार्षिक विकास कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुको लागि सम्बन्धित कार्यालयको राय समेतलाई ध्यानमा राखी कार्यक्रम र स्थान नदोहोरिने गरी मन्त्रालयबाट उपयुक्त स्थानको छनौट गरिनेछ।

(२) सामुदायिक वन क्षेत्रमा पूर्वाधार सम्बन्धी कार्यहरु गर्नुपर्दा वन तथा भू-संरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि,२०७५ बमोजिम सञ्चालन गरिनेछ।

(३) राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार सम्बन्धी क्रियाकलापहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्जन तथा संरक्षित क्षेत्रभित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रियनिकुञ्ज/संरक्षित क्षेत्रसँग समन्वय गरी गरिनेछ।

(४) पुरातात्विक सम्पदाको मर्मतसम्भारको हकमा पुरातत्व विभागले निर्धारण गरेको मापदण्ड र प्राचीन स्मारक संरक्षणका आधारभूत सिद्धान्त अनुसार स्मारकलाई थप नष्ट हुन नदिई सम्पदा संरक्षण, मर्मतसम्भार र पुनःनिर्माण गर्नुपर्दछ।

(५) सम्बन्धित सरोकारवाला पक्षले सम्बन्धित योजनाको लागि सर्भे, डिजाइन, नक्सा तथा लागत अनुमान तयार गर्दा सरकारी निकाय तथा नेपाल सरकारबाट मान्यता प्राप्त र सेवा प्रदायक संस्थाबाट गर्न/गराउन सक्नेछ। उक्त कागजातहरु सम्बन्धित निकायमा कार्यरत प्राविधिकबाट अनिवार्य रुपमा चेकजाँच गरी आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्नुपर्नेछ।

(६) समूहद्वारा व्यवस्थित वन क्षेत्रमा पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपरेमा सम्बन्धित समूहको कार्ययोजनामा उल्लेख भएको हुनुपर्ने, नभएमा संशोधन गरी सम्बन्धित अख्तियारवालाबाट स्वीकृत हुनुपर्नेछ। प्रदेश सरकारबाट स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा वन क्षेत्रको जग्गा प्रयोग गरी रुखविरुवा हटाउन र वन क्षेत्रमा भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा भू-स्वामित्वमा परिवर्तन नहुनेगरी २० प्रतिशतभन्दा कम छत्र-घनत्व (Crown Density) भएको वन क्षेत्रको जग्गा प्रयोग गर्न प्राथमिकता दिइनेछ।

(७) व्यक्तिगत स्वामित्व भएका विशेष कूलधर्ममा आधारित धार्मिकस्थलमा आयोजना सञ्चालन गरिनेछैन।

(८) निर्माण कार्य वा सम्झौता बमोजिमको कार्यसम्पन्न भएपश्चात् सोको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ।

(९) निर्माण कार्यको जिम्मा लिएको उपभोक्ता समिति वा संस्थाले सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(१०) आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बीच अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(११) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नुपर्नेछ।

(१२) कार्यालयले आयोजना, परियोजना र कार्यक्रमहरुको सम्पूर्ण विवरण समेटिने गरी अनुसूची-४ बमोजिमको आयोजना खाता उपभोक्ता समितिलाई उपलब्ध गराउनेछ। आयोजना सम्पन्न भएपछि उपभोक्ता समिति वा संस्थाले अन्तिम किस्ता माग गर्ने समयमा आयोजनाको सम्पूर्ण विवरण भरी सो खाता कार्यालयमा बुझाउनुपर्नेछ।

मुख्यमन्त्री

१३.    **सीप विकास तथा तालिम र गोष्ठी:** पर्यटन तथा संस्कृति क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकासमार्फत प्रादेशिक पर्यटन क्षेत्रको विकासमा टेवा पुर्याउनु यस कार्यक्रमको मूल उद्देश्य हुनेछ र यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१. **होटल तथा रेष्टुरेन्टहरुलाई तालिम** (नेपाल होटल व्यवसायी महासंघको सहकार्यमा) (उद्यमशीलता, रोजगारीमूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)- लुम्बिनी प्रदेशभित्र रहेका इजाजत प्राप्त पर्यटकस्तरीय होटल, लज, रिसोर्ट तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी, पथप्रदर्शक होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु।

२. **होमस्टे व्यवस्थापन तालिम तथा भ्रमण** (उद्यमशीलता, रोजगारीमूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)- लुम्बिनी प्रदेशभित्र रहेका होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु।

३. **टुरिष्ट गाइड (नेचर/ट्रेकिङ), र्याफ्टिङ तथा अन्य पर्यटन तथा संस्कृति सम्बन्धी तालिम** (उद्यमशीलता, रोजगारी मूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)- लुम्बिनी प्रदेशभित्र रहेका ट्राभल एण्ड ट्रेकिङ्ग ऐजेन्सी, पथप्रदर्शक, इजाजत प्राप्त् पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी  र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु।

४. **लुम्बिनी क्षेत्रको माटो र पानी प्रयोग गरी बुद्धको मूर्ति लगायतको कोशेलीहरु तयार गर्ने उद्योग स्थापना** (उद्यमशीलता, रोजगारी मूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम र सहजीकरण)- लुम्बिनी क्षेत्र वरपरका समुदाय, सम्बन्धित स्थानीय तह, कोशेली निर्माण व्यवसायी, उद्योगी, अन्य सरोकारवालाहरु।

५. **पर्यटन व्यवसायी तथा सरोकारवालासँग गोष्ठी/अन्तरक्रिया तथा कार्यशाला-** लुम्बिनी प्रदेशभित्र रहेका अनुमति प्राप्त पर्यटकस्तरीय होटल, लज, रिसोर्ट तथा रेष्टुरेण्ट व्यवसायी, व्यवस्थापक, कर्मचारी र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु।

६. **ट्राभल तथा ट्रेकिङ एजेन्सीसँग तालिम/गोष्ठी/अन्तरक्रिया** (तालिम, गोष्ठी तथा कार्यशाला)- लुम्बिनी प्रदेशबाट इजाजत प्राप्त र नवीकरण भएका ट्राभल तथा ट्रेकिङ एजेन्सी र अन्य सरोकारवालाहरु।

७. **पर्यटकीय सुरक्षा सम्बन्धमा सुरक्षा निकायहरुसँग गोष्ठी/अन्तरक्रिया** (गोष्ठी तथा कार्यशाला)- लुम्बिनी प्रदेशभित्र रहेका ट्राभल एण्ड ट्रेकिङ्ग ऐजेन्सी, पथप्रदर्शक, पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी, पर्यटक प्रहरी, सुरक्षा निकाय र अन्य सरोकारवालाहरु।

**उल्लिखित कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु:**

क. कार्यक्रमको उद्देश्य,

ख. छलफल र तालिमका विषयवस्तु,

ग. कार्यक्रम सञ्चालन भएको स्थान, अवधि र मिति देखिने ब्यानर, सहभागीको फोटो तथा अन्य दृश्यहरु,

घ. अवलोकन भ्रमण गरिएका स्थान, भ्रमणमा भएका छलफलका विषयवस्तु र निर्णय भएको भए सो निर्णय,

ङ. कार्यक्रमको बजेट, भौतिक प्रगति र वित्तीय प्रगति,

मुख्यमन्त्री

च. प्रत्येक तालिम/गोष्ठीका सहभागीहरुको नाम, ठेगाना, सम्पर्क नम्बर समेतको अभिलेख।

छ. तालिमको हकमा प्रदेश पर्यटनको विकासका लागि प्रत्येक सहभागीले खेल्ने भूमिका र योगदान (सहभागीको स्वघोषणा)

१४. <u>पर्यटन प्रचार प्रसार, मेला र खाना महोत्सवः</u> (१) लुम्बिनी प्रदेशभित्र आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नु, प्रचारप्रसार तथा आयआर्जन र रोजगारी सिर्जनामा टेवा पुर्याउनु यस कार्यक्रमको मूल उद्देश्य हुनेछ र यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(२) आन्तरिक पर्यटन प्रचारप्रसार कार्यक्रम प्रचारप्रसार सम्बन्धी कार्य गर्ने स्थानीय एवम् केन्द्रीय रेडियो, टेलिभिजन र पत्रपत्रिका तथा सामाजिक सञ्जाल।

(३) पर्यटन सम्बन्धी मेला, महोत्सव, दिवस (प्रचारप्रसार सामग्री उत्पादन तथा प्रकाशन र वितरण)- लुम्बिनी प्रदेशभित्र रहेका विभिन्न जातजातिका भेषभुषा, रहनसहन, कला संस्कृति झल्किने क्रियाकलाप, पर्यटन महोत्सव यस क्षेत्रका पर्यटकीय गन्तव्य, ऐतिहासिक किल्ला र गढीसँग सम्बन्धित क्रियाकलापहरु।

(४) विभिन्न जातजातिको खाना/संस्कृति/मेला/दिवस आदि (मगर, थारु, अवधि, खसआर्य आदि)- विभिन्न जातजातिको खाना तथा परम्परागत खाना/संस्कृति र पहिचान झल्किने गरी लागत सहभागितामा आवश्यकीय सहयोग र खाना तथा खाद्य सामग्रीको प्रचारप्रसार।

१४.१ लुम्बिनी प्रदेश सरकार, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रमहरुमध्ये पर्यटन मेला/महोत्सव सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि देहायको विधि अपनाई मेला/महोत्सव, सम्मेलन, प्रदर्शनी, सांस्कृतिक मेला तथा हाइकिङ, खाना महोत्सव, पर्यटकीय एडभेन्चर गेम, लुम्बिनी प्रदेशभित्र रहेका विभिन्न जातजातिका भेषभुषा, कला, संस्कृति झल्किने क्रियाकलाप, रहनसहन, ऐतिहासिक किल्ला र गढीसँग सम्बन्धित क्रियाकलापहरु यस क्षेत्रका पर्यटकीय गन्तव्य, धार्मिक तथा सांस्कृतिक चाडका रुपमा गरिने पर्यटकीय समारोह लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

१४.१.१ मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालय आफैले एकल वा साझेदारी वा आंशिक सहभागितामा मेला महोत्सव सञ्चालन गर्न सकिनेछ । यसरी गर्दा लागत अनुमान तयार गरी समिति/उपसमिति गठन गरी वा कर्मचारीलाई जिम्मेवार बनाई ऐन तथा नियमावलीको अधीनमा रही सञ्चालन गरिनेछ ।

१४.१.२ सार्वजनिक सूचना मार्फत मेला महोत्सवको सञ्चालनका निम्ति प्रस्ताव माग गरिनेछ ।

१४.१.३ पर्यटकीय दिवस तथा समारोह मेला महोत्सव आदि सञ्चालन गर्नु पूर्व प्रस्तावना वा योजना सहित देहायको कागजात समावेश गरी सञ्चालन हुनुभन्दा कम्तीमा सात दिन अगाडि मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयमा पेश गर्नुपर्नेछ । यस कार्यक्रममा स्थानीय तह समेत आयोजक भई सञ्चालन गरेका मेला महोत्सवमा साझेदारी गरिनेछ ।

पेश गर्नुपर्ने कागजातहरूको विवरण

- निवेदन
- प्रस्ताव योजना
- प्रस्तावित योजना/बजेट मागको निर्णय

मुख्यमन्त्री

- सञ्चालन हुने अवधि
- प्रस्तावित कार्यक्रमको प्रति इकाइ लागत खुलेको लागत अनुमान
- सञ्चालन हुने समय, मिति र स्थान
- अपेक्षित उपलब्धि
- संस्था दर्ता/कर दर्ता/चालु आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र

१४.१.४ यो कार्यविधि स्वीकृत हुनुभन्दा अगाडि पेश हुन आएका प्रस्तावको हकमा मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले निर्णय गरे अनुसार हुनेछ ।

१४.१.५ मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले सार्वजनिक गरेको सूचना वा पेश गरेको निवेदन मार्फत पेश हुनआएका मेला, महोत्सव, सम्मेलन प्रदर्शनी, सांस्कृतिक मेला तथा हाइकिङ पर्यटकीय एड्भेन्चर गेम, खाना महोत्सव, धार्मिक तथा सांस्कृतिक चाडका रूपमा पर्यटकीय र्‍याली तथा धार्मिक यात्रा, समारोहमा सहभागी हुने/नहुने विषयमा निर्णय गर्नेछ। खाना महोत्सव सञ्चालन गर्दा कम्तिमा ५-१० वटा रैथाने खानाको स्टल राख्नुपर्नेछ।

१४.१.६ लागत साझेदारीको विषय सम्बन्धित मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले निक्यौंल गर्नेछ।

१४.१.७ सहभागिता जनाउँदा स्थानीय तहको लागि बढीमा रु एक लाख सम्म, जिल्ला स्तरको बढीमा रु दुइ लाख सम्म, प्रदेश स्तरको बढीमा रु दस लाखसम्म खर्च गर्न सकिनेछ। बजेट तोकिएरै सुनिश्चित भएकोमा यो बुँदामा लेखिएको बजेट सीमाले कुनै असर पार्नेछैन।

१४.१.८ लुम्बिनी भ्रमण दशकलाई लक्षित हुनेगरी मन्त्रालय वा अन्तर्गत निकायको मेला महोत्सव शीर्षकको कार्यक्रममा मेला, सम्मेलन, महोत्सव सांस्कृतिक मेला तथा महोत्सव, विदेशीहरु सहभागी हुने खेलहरुमा समेत यो शीर्षकको रकम खर्च गरिनेछ। यस्तो कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट स्वीकृत लिई सञ्चालन गर्नुपर्नेछ र माथि उल्लेखित बजेट सीमाले कुनै असर पार्नेछैन ।

१४.१.९ सहभागिताको लागि अनुरोध गर्दा कूल लागत अनुमान आयोजक समितिको पूर्ण कमिटिको बैठकको निर्णय जस्ता विषय, खर्च साझेदारीको विषय, समावेश गरी मन्त्रालय/निर्देशनालय/परिषद्मा निवेदन सहितको प्रस्तावना पेश गर्नुपर्नेछ ।

१४.१.१० सम्झौता बमोजिम आयोजकको सिफारिसमा सार्वजनिक खरिद नियमावलीको अधीनमा रही बिल अनुसार रकम भुक्तानी गरिनेछ ।

१४.२ उल्लिखित कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु-

पृष्ठभूमि
कार्यक्रमको उद्देश्य
सम्पादित क्रियाकलाप
उपलब्धि (रोजगारी/आर्थिक क्रियाकलाप आदि)
पृष्ठपोषण
निष्कर्ष

कार्यक्रम सञ्चालन भएको स्थान, सहभागीको फोटो तथा अवधि र मिति देखिने व्यानर, अन्य दृश्यहरु
CD/Pendrive मा कार्यक्रमको श्रव्य/दृश्य सामग्री
सक्कल बिल तथा भरपाई (रु. २०,००० भन्दा माथि अनिवार्य VAT बिल पेश गर्नुपर्नेछ)।



मुख्यमन्त्री

कार्यसमितिबाट खर्च अनुमोदन गरेको निर्णय तथा दोहोरो भुक्तानी नलिएको स्वघोषणा।

प्रदेश आर्थिक ऐन,२०८० मा उल्लेखित शीर्षकमा कर लाग्ने भएमा कर तिरेको रसिद।

१५. **पर्यटन प्रबर्द्धन र विकास कार्यक्रम:** लुम्बिनी प्रदेशभित्र आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ। यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**(क) पर्यटन प्रवर्द्धन डकुमेन्ट्री निर्माणः-** डकुमेन्ट्री तयारीको लागि कार्यक्षेत्रगत शर्त तयार गर्ने, लागत अनुमान तयारी गर्ने र प्रचलित कानून बमोजिम प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी परामर्शदाता छनौट गरी सेवा प्रदायक मार्फत कार्यसम्पादन गरिनेछ।

**(ख) प्रचारप्रसार सामग्री तयार गरी वितरण गर्ने:** दररेट माग गरी ब्रोसर, टुरिष्ट म्याप तथा अन्य सामग्री छपाई तथा वितरणको काम गरिनेछ। प्रचारप्रसारको लागि टेलिभिजन, स्थानीय एफ.एम., पत्रपत्रिका लगायत सामाजिक सञ्जालको प्रयोग गरी पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार गरिनेछ।

**(ग) धार्मिक पर्यटन पुनः** उत्थान तथा प्रबर्द्धनका लागि गोष्ठी, यात्रा, जात्रा, मेला आरती तथा अन्य प्रबर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(घ) पर्यटकीय गन्तब्यहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार** गर्नका निम्ति राष्ट्रिय तथा अन्तराष्ट्रिय ट्राभल मार्ट, पर्यटन मेला, गोष्ठी सेमिनारमा सहभागिता तथा अवलोकन भ्रमण गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन प्रबर्द्धन कार्यक्रममा सहभागिता जनाउँदा निजी क्षेत्रको प्रतिनिधि समेतलाई सहभागी गराइनेछ ।

उल्लिखित कार्यक्रमहरु मन्त्रालय र अन्तर्गत कार्यालयमार्फत प्रचलित कानून बमोजिम सेवा प्रदायकद्वारा गर्न सकिनेछ।

१६. **सांस्कृतिक ग्राम विकासः-** मन्त्रालयबाट प्राथमिकीकरण भएका लुम्बिनी प्रदेशभित्रका विभिन्न जातजाति (लोपोन्मुख/सीमान्तकृत) र जाति तथा धर्म विशेष सम्प्रदायहरु (मुस्लिम, खसआर्य/आदिवासी जनजाति/अवध/मगर/थारु आदि) आ-आफ्ना बहुसांस्कृतिक रहनसहन कायम गरी बसेका निश्चित घरधुरी समेटी चारकिल्ला तोकी सांस्कृतिक ग्राम निर्माण गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ।

१. कार्यक्रमहरुमा अवधारणापत्र तयार गरेको हुनुपर्नेछ।

२. सांस्कृतिक ग्राम अथवा बहु सांस्कृतिक ग्राम विकास कार्यक्रम अन्तर्गत सेव द कल्चर, सेल द कल्चर अवधारणालाई प्राथमिकिकरण गरी परम्परागत विवाह, परम्परागत नृत्य, गाना, कथा कथन, नमूना घर, विभिन्न जात-जतिको वार्षिक परम्परा तथा संस्कृति झल्कने क्यालेंनडर, घरायसी गतिविधि र उपकरण, कपडा सहित समुदायको संस्कृति चित्रण र वर्णन गर्ने विभिन्न गतिविधिहरू, परम्परागत खाना र अन्य परम्परागत खेलहरू झल्कने खालको क्रियाकलाप वा संरचना निर्माण गर्नुपर्ने छ ।

३. उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिनेछ।

४. गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम कार्यान्वयन गरिनेछ। उपर्युक्त कार्यक्रम कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने, वन क्षेत्रको हकमा सम्बन्धित स्वीकृत कार्ययोजनालाई



मुख्यमन्त्री

आधार बनाउने वा माथिल्लो निकायबाट स्वीकृति लिने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। विशेष समुदायको संस्कृति र परम्परागत पूर्वाधारहरूलाई प्रकाश पार्ने विशेष सांस्कृतिक गाउँको मापदण्ड अनुरूप विभिन्न पूर्वाधार विकासका गतिविधिहरूको संचालन गर्नुपर्ने छ ।

५.कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनको निरन्तरता हुने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चिततता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

६.कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयनको चरणको र कार्य सम्पन्न पछिको फोटो, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

१७. <u>ताल/सिमसार/झरना/पोखरी/गुफाहरुको विकास र प्रवर्द्धन कार्यक्रमः</u> यस कार्यक्रमको मूल उद्देश्य मन्त्रालयबाट प्राथमिकीकरण भएका वातावरणीय एवम् पारिस्थितिकीय सन्तुलन जोगाइ राख्नु, पर्यापर्यटनलाई बढावा दिनु र पर्यटक आकर्षणमा योगदान पुर्याउनु रहेको छ। उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ।

उपर्युक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयलाई ध्यान दिनुपर्नेछ। कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयनको चरणको र कार्य सम्पन्न पछिको फोटो, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

१८. <u>पर्यटकीय सूचना केन्द्र तथा कोशेली घर व्यवस्थापन तथा सञ्चालनः</u> यस कार्यक्रमको मूल उद्देश्य मन्त्रालयबाट प्राथमिकीकरण भएका प्रदेशको पर्यटकीय गन्तव्यहरुको जानकारी, भौगोलिक अवस्था तथा सांस्कृतिक पहिचान, वन र वन्यजन्तु सम्बन्धी जानकारी लगायतका वस्तुहरु सूचना केन्द्रमा राखी नेपाल प्रवेश गर्ने पर्यटकहरु, आन्तरिक पर्यटक र पर्यटन सम्बद्ध व्यक्ति तथा निकायलाई सरल र सहज ढङ्गले यथेष्ट सूचनाहरु प्रदान गर्नु रहेको छ। साथै, प्रदेशभित्र उत्पादित प्रदेशको चिनारी झल्काउने सामग्रीहरुको बजारीकरण गर्न कोशेली घर निर्माण, सञ्चालन एवं व्यवस्थापन गर्नु/गराउनु रहेको छ। कोशेली घर सञ्चालन एवं व्यवस्थापनको लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा सर्वे, डिजाइन, लागत अनुमान तयार गरी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नुपर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछः

(क) डिजिटल सूचना प्रणालीको छनौट, स्वीकृति र स्थापना,
(ख) लुम्बिनी प्रदेशभित्रका महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थल तथा पदमार्गहरुको जानकारी एवम् तस्बीर,
(ग) आर्थिक, सामाजिक,सांस्कृतिक जानकारी सहित जिल्ला र प्रदेशको पहिचान झल्कने तस्बीर,
(घ) लुम्बिनी प्रदेशमा भित्रिने आन्तरिक र बाह्य पर्यटकको तथ्याङ्क, स्मार्ट टी.भी., निःशुल्क इन्टरनेट सुविधा,

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ) सूचना केन्द्रको भवन निर्माण तथा मर्मतसम्भार,

(च) स्वच्छ खानेपानी तथा शौचालयको प्रबन्ध,

(छ) प्रवेशाज्ञा सम्बन्धी जानकारी प्रदान गर्ने,

(ज) यस्तै प्रकारका अन्य क्रियाकलापहरु।

१९. <u>पूर्वाधार निर्माण र विकास कार्यक्रमः</u> पार्क र उद्यानहरुको स्तरोन्नति, नयाँ पार्क/उद्यानहरुको निर्माण, धार्मिक तथा सांस्कृतिक पूर्वाधार निर्माण एवं स्तरोन्नति गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ।

उपरोक्त कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

(क) सरोकारवालाहरुसँगको छलफल र समन्वयमा कार्यक्रमगत धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको निर्माण र स्तरोन्नति,

(१) बाटिका निर्माण र स्तरोन्नति,

(२) सिँढी, फुट ट्रेल निर्माण र मन्दिरमा पार्क निर्माण तथा बाल उद्यान निर्माण,

(३) पहुँचमार्ग नेट वायर समेतको लाइभ फेन्सिङ तथा गार्डेनिङ,

(४) परिसरमा आवश्यकतानुसार सोलार बिजुली र पानीको व्यवस्था, सूचना केन्द्र निर्माण,

(५) सेड हाउस, मनोरञ्जनस्थल, शौचालय तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण,

(६) मठ, मन्दिर धर्मशाला निर्माण, जिर्णोद्धार र संरक्षण,

(ख) धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय सम्पदाको परिसरमा बगैंचा तथा पार्क निर्माण,

(ग) आवश्यकता अनुसार सोलार, बिजुली बत्ति र पिकनिक स्पटको व्यवस्था,

(घ) सूचना केन्द्र निर्माण, चमेना गृह, विश्राम गृह, शौचालय, मौलिकता झल्कने संरचना निर्माण,

(ङ) सुगन्धित र सजावट प्रजातिका फूलबारी एवम् सदाबहार रुखबिरुवा रोपण, फलफूलको बगैचा निर्माण।

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनुपर्नेछ। कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्ता पार्कहरु निर्माण गर्दा वातावरणमैत्री हिसाबले गराउनु पर्नेछ। पूर्वाधार निर्माण गर्दा पार्कको कूल क्षेत्रफलको एक चौथाइमा नबढाई गर्नुपर्नेछ। अन्य तीन-चौथाई क्षेत्रफलमा सुगन्धित र सजावट प्रजातिका फूलवारी एवम् सदाबहार रुख बिरुवा लगाई हरियाली तथा रमणीय पार्कको रुपमा विकास गर्नुपर्नेछ। वातावरणीय दृष्टिकोणले सकभर कंक्रिटको प्रयोग कम गर्नु उपयुक्त हुन्छ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयन चरणको र कार्य सम्पन्न पछिको फोटो, अवस्थिति, नक्शा क्षेत्रफल, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण, आदि उल्लेख गर्नुपर्नेछ।

मुख्यमन्त्री

२०. <u>र्‍याफ्टिङ निर्माण र विकास कार्यक्रमः</u> साहसिक पर्यटन (जलयात्रा) लाई प्रोत्साहन गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

(क) सरोकारवालाहरुसँगको छलफल र समन्वयमा साहसिक पर्यटन (जलयात्रा) लाई प्रोत्साहन गरी आन्तरिक र बाह्य पर्यटनलाई आकर्षित गर्नु रहेको छ।

(ख) साहसिक पर्यटन (जलयात्रा) मार्फत पर्यटनको विकास र प्रर्वद्धन गर्न आवश्यक सामग्री खरिद तथा वितरण।

उल्लेखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनुपर्नेछ। कार्य सम्पन्न पश्चात सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्ता कार्यहरु गर्दा वातावरणमैत्री हिसाबले गराउनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको फोटो, अवस्थिति, नक्शा क्षेत्रफल, रोजगारी सिर्जना र खर्च रकमका अतिरिक्त गरेको कामको छोटो विवरण समेत उल्लेख गर्नुपर्नेछ।

२१. <u>पदमार्ग निर्माण, स्तरोन्नति तथा मर्मत र सुधारः</u> पदमार्गहरुको स्तरोन्नति, सुधार तथा निर्माण गरी सुरक्षित एवम् आकर्षक बनाई पर्यटन प्रबर्द्धनमा सहयोग पुर्याउन गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

(क) पर्यटक पदमार्ग स्तरोन्नति सुधार तथा निर्माण कार्यक्रम अन्तर्गत मेसिन प्रयोग नगरी पैदल मार्गको छेउ भित्तामा अस्वभाविक रुपमा बढेका बाटो, अवरोध गरेका झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,

(ख) आवश्यकतानुसार इन्जिनियरिङ्ग डिजाइन गरी भिरालोपनको ग्रेड मिलाउने, वर्षातको भेल पानी तर्काउने नाली निर्माण गर्ने, बाटो समथर पार्ने, ढुङ्गा छाप्ने, उकाली ओरालीमा ढुंगा छापी सिंढी बनाउने,

(ग) स-सानाखोल्सा खोल्सीमा कल्भर्ट बनाउने र ढुङ्गा छाप्ने,

(घ) विश्राम गृह बनाउने, स्वच्छ खानेपानीको व्यवस्था गर्ने, शौचालय निर्माण गर्ने, ठाउँ-ठाउँमा पर्यटकलाई आवश्यक पर्ने जानकारीसहित समय दूरीको दिशा निर्देश गर्ने सूचना पाटी वा साइन बोर्ड राख्ने,

(ङ) आवश्यकता अनुसार बिजुली बत्तीको व्यवस्था समेत गर्ने,

(च) बाटोको दुबै तर्फ सम्भव भएसम्म खाली स्थानमा सुगन्धित र सजावट हुने प्रजातिका फूल एवम् सदाबहार बिरुवा र फलफूलका बिरुवा रोपण आदि।

मुख्यमन्त्री

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको फोटो, एलाइनमेण्ट, नक्शा, पदमार्गको सेगमेण्ट अनुसारको लम्बाइ र चौडाई, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

२२. <u>अन्य पर्यटन पूर्वाधार विकास निर्माण, संरक्षण र कोशेली तयार गर्ने उद्योग स्थापना कार्यक्रमहरु:</u>
यस कार्यक्रमको मुख्य उद्देश्य पर्यटकीय संभावना रहेका महत्वपूर्ण स्थलहरूको पूर्वाधार विकास गरी पर्यटकहरूको संख्या वृद्धि गर्ने र थप पर्यटकीय गन्तव्यहरूको विकास गर्ने रहेको छ। उल्लिखित कार्यक्रम सञ्चालन गर्दा सिद्धार्थले प्रथम पाइला टेकेको माटो, सिद्धार्थलाई स्नान गराइएको पोखरीको पानी, पीपलको पातहरु प्रयोग गरी चिनो लगायतका कोशेलीहरु तयार गर्ने उद्योग निर्माण, रुपन्देहीको हकमा उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङले तयार गरी स्वीकृत गरेको कार्यविधि अनुसार प्रकृया पुरा गरी गरिने र अन्यको हकमा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको वा क्रियाकलाप मात्र तोकेको डिजाइन इष्टिमेट नभएको हकमा स्थानीय सरोकारवालाहरुको समेत सहभागितामा स्थलगत रुपमा अवलोकन गरी गर्नुपर्ने क्रियाकलापहरु पहिचान गर्ने र ती क्रियाकलापहरुको सर्भे, डिजाइन, लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

(क) कार्यक्रमको माग अनुसार पर्यटकीय क्षेत्रको सूचना म्याप, होर्डिङ बोर्ड, पहुँच मार्ग, पदमार्ग मोटरेवल बाटो, जलमार्ग, पार्किङ स्थल निर्माण र स्तरोन्नति,

(ख) पार्क, बगैचा निर्माण, शौचालय निर्माण र व्यवस्थापन, बिजुली, इन्टरनेटको व्यवस्था,

(ग) पिकनिक स्पट, स्वास्थ्य क्लिनिक व्यवस्थापन,

(घ) मनोरञ्जनस्थल र स्थानीय मौलिकता बोकेको सम्पदा मठ/मन्दिर/सत्तल आदिको निर्माण र जिर्णोद्वार,

(ङ) आवश्यकता अनुसार अन्य पूर्वाधार निर्माणका कार्यहरु,

(च) संस्कृति संरक्षण र सम्वर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण, संस्कृति संरक्षणका लागि आवश्यक सामग्री खरिद तथा हस्तान्तरण कार्यहरु।

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। यस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरुको संरक्षण र व्यवस्थापनको समेत सुनिश्चितता हुने व्यवस्था मिलाउनु पर्नेछ। कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, मुख्य क्रियाकलापहरुको नाम र परिमाण, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

२३. <u>संस्कृति संरक्षण र सांस्कृतिक डबली निर्माण हस्तान्तरण तथा सञ्चालनः</u> (१) संस्कृतिको संरक्षण र प्रवर्द्धन मार्फत पर्यटन विकासमा टेवा पुर्याउन गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदनले तोकेका क्रियाकलापहरु उपलब्ध बजेटको आधारमा प्राथमिकीकरण गरी प्याकेज तयार गरेर प्रचलित कानून बमोजिम निर्माण गर्नुपर्नेछ। नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनुपर्नेछ।

(२) कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यान्वयन चरणको र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, डबलीको क्षमता (एकपटकमा अटाउने मानिसहरूको अधिकतम संख्या), पार्किङ क्षमता,रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

(३) निर्माण सम्पन्न पश्चात् यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षण तथा व्यवस्थापनको समेत सुनिश्चिततता हुने गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिनेछ।

(४) स्थानीय तहले कला संस्कृति प्रवर्द्धन गर्ने हेतु पर्यटन व्यवसायी, सांस्कृतिक समूह उद्योग, वाणिज्य संघ वा सम्बन्धित सरोकारबालासँग सम्झौता वा समन्वय गरी सञ्चालन गर्न सक्नेछ ।

(५) स्थानीय तहले डबली सञ्चालन गरे बापत संकलन गरेको राजश्व प्रदेश आर्थिक ऐन बमोजिम बाँडफाँट गर्नुपर्नेछ।

२४. <u>ग्रामीण पर्यटन विकास कार्यक्रमः</u> (१) गन्धर्व, परियार, बादी, थारु, कुमाल, पाशी, चमार, हरिजन, तेली, धोबी, चिडीमार, सोनाह, नटुवा एवम् आर्थिक तथा सामाजिक रुपमा विपन्न घरपरिवार र अन्य लोपोन्मुख जातिको पुर्ख्यौंली पेशालाई संरक्षण, संवर्द्धन, सीप तथा क्षमताको विकास, आधुनिकीकरण मार्फत नयाँ पुस्तामा सीप हस्तान्तरण गरी उत्पादित वस्तुलाई ब्राण्डिङ र बजारीकरण गर्ने र स्थानीयस्तरमा आयआर्जनका अवसरहरु तथा रोजगारी सिर्जना गर्ने, प्रविधि हस्तान्तरण, सीप विकास तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तर सुधार गरी गरिबी निवारण गर्न देहाय बमोजिमको विधि एवं प्रकृया अपनाई कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

क. सामाजिक परिचालक/स्थानीय तह/अन्य विधिमार्फत तथ्यांक संकलन गर्ने,

ख. लक्षित समूह/व्यक्तिसँग अन्तर्क्रिया गरी आवश्यक क्रियाकलापको पहिचान गर्ने,

ग. लागत अनुमान तयार गर्ने,

घ. तालिम प्रदायक संस्था/परामर्शदाता छनौट गरी गर्न सकिनेछ,

ङ. आवश्यकताका आधारमा क्षमता विकास/सीप अभिबृद्धि तालिम प्रदान गर्ने,

च. आवश्यक उपकरण, प्रविधि तथा सामग्री खरिद गरी वितरण गर्ने,

छ. उत्पादन/प्रकाशन/प्रसारण/वितरण, ब्राण्डिङ, प्याकेजिङ, गुणस्तर परीक्षण, पेटेन्ट राइट र बजारीकरणको लागि सहजीकरण गर्ने,

ज. उक्त कार्यक्रमको दीगोपना तथा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायले स्थानीय तह संग समन्वय तथा अनुगमन गर्न सक्नेछ,

(२) मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले अनुसूची- ८ बमोजिमका कार्यक्रमहरुको प्रकृति अनुसार सम्बन्धित निकाय आफैले वा परामर्शदाताबाट वा लक्षित समूह/समिति वा गैरनाफामूलक संस्थामार्फत कार्यान्वयन गराउन सक्नेछ। त्यस्ता समिति वा समूह वा संस्था प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

(३) अनुसूची- ८ मा भएका कार्यक्रमहरुको प्रकृति अनुसार कार्यक्रम सञ्चालन गर्न कार्यालयले १५ दिनको म्याद दिई परामर्शदाता/लक्षित समूह/समिति वा गैरनाफामूलक संस्थाबाट प्रस्ताव मागको सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) प्रस्तावको ढाँचा, कार्यक्षेत्रगत शर्त (ToR) निर्माण, प्रस्ताव मूल्याङ्कनको आधार र पेश गर्नुपर्ने कागजातहरु मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले तोके बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्ताव छनौट एव रायपरामर्शदाता/समिति/समूह/संस्था छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गर्नुपर्नेछ। उक्त समितिले परामर्शदाता/समिति/लक्षित समूह वा गैरनाफामूलक संस्थाले गरेको कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार भए/नभएको अनुगमन गर्न सक्नेछ।

(क) सम्बन्धित निकायको प्रमुख- संयोजक

(ख) जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि- सदस्य

(ग) सम्बन्धित निकायको योजना शाखा प्रमुख- सदस्य

(घ) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख- सदस्य

(ङ) सम्बन्धित निकायको पर्यटन शाखा प्रमुख- सदस्यसचिव

(६) प्रस्ताव मूल्याङ्कनको विधि तथा मापदण्ड प्रचलित कानून बमोजिम सम्बन्धित निकायले निर्धारण गरे बमोजिम हुनेछ।

(७) **सम्झौता गर्नुपर्नेः** सम्बन्धित निकायले उपदफा (५) बमोजिमको समितिले छनौट गरेको समिति/लक्षित समूह/संस्थासँग आवश्यक सम्झौता गर्नुपर्नेछ। त्यस्तो सम्झौताका शर्तहरु सम्बन्धित निकायले तोकेबमोजिम हुनेछ।

(८) **स्थानीय तहले अनुगमन गर्न सक्नेः** स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम कार्यान्वयनको अवस्थाको अवलोकन/अनुगमन तथा सुपरीवेक्षण गरी सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ। सम्बन्धित निकायले माग गरे बमोजिम आफ्नो स्थानीय तहमा रहेको आवश्यक तथ्याङ्क उपलब्ध गराउनु तथा आवश्यक सहयोग गर्नु स्थानीय तहको कर्तब्य हुनेछ।

(९) **विशेष अनुदान/प्रविधि हस्तान्तरण गर्न सकिनेः** सम्बन्धित निकायले लक्षित समुदाय वा कार्यक्रममा परेका लक्षित वर्गका समुदायलाई कार्यक्रमसँग सम्बन्धित प्रविधि हस्तान्तरण गर्न सक्नेछ। उपरोक्त बमोजिमको सहयोग प्रचलित कानून बमोजिम कार्यालयले एकमुष्ठ खरिद गरी स्थानीय तहसँगको समन्वयमा आफैले वितरण गर्न सक्नेछ।

(१०) **लागत अनुमान सम्बन्धमाः** कार्यक्रम कार्यान्वयनको चरणमा जिल्ला दररेटमा समावेश नभएका तथा दररेट नखुलेका क्रियाकलाप र सामग्रीका सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट दररेट कायम गर्नका लागि सम्बन्धित निकायले लेखी पठाउनु पर्नेछ। यसरी स्थानीय तहबाट प्राप्त दररेटका आधारमा लागत अनुमान तयार गर्न सम्बन्धित निकायलाई बाधा पर्नेछैन। प्रविधि हस्तान्तरण/सामग्री वितरण र उत्पादन जस्ता कार्यक्रमको मुख्य अंशमा बजेट रकमको पचास प्रतिशत रकम नघटने गरी लागत अनुमान तयार गर्नुपर्नेछ ।

(११) **प्रतिवेदन पेश गर्नुपर्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न गर्न समिति/लक्षित समूह/संस्थाले कार्यक्रम सम्पन्न भए पश्चात् भुक्तानी लिनका लागि सम्बन्धित निकाय समक्ष प्रतिवेदन र आवश्यक कागजात पेश गर्नुपर्नेछ। प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरु र अन्य आवश्यक कागजातहरु प्रचलित कानून बमोजिम कार्यालयले तोके अनुसार हुनेछ।

मुख्यमन्त्री

(१२) **लक्षित समूह/समितिको कर्तव्यः** कार्यक्रम सम्पन्न भए पश्चात् उत्पादित एवं उत्पादन गरिने सामग्रीको ब्यवस्थापन, बजारीकरण र उपयोगका लागि समूह/समिति जिम्मेवार हुनेछन् र सो कार्यको लागि सम्बन्धित निकायले सहजीकरण गर्नुपर्नेछ। यसरी बजारीकरणमार्फत हुने आम्दानी र सोको संस्थागत व्यवस्थापनका लागि समूह/समितिका सदस्यहरु बराबरीको हिस्सेदार हुनेछन्।

**१३. स्थानीय तथा रैथाने पेय पदार्थको (मदिरा) परिक्षण उत्पादन-** महुवा, कोदो र अनदी, जामुन तथा अन्यबाट बनाइएका परम्परागत रूपमा उत्पादित मदिराको पेय पदार्थहरूको उत्पादन प्रक्रिया, घटक, लाग्ने कच्चा पदार्थ र यसको स्रोत, उत्पादनको मात्रा, स्थिरता र शेल्फ जीवन वा निर्माण अभ्यास/प्रक्रियाहरूको बारेमा अनुसन्धान र दस्तावेजीकरण गर्ने, उत्पादित रक्सीको गुणस्तरमा जाँच गरी परम्परागत उत्पादनहरूलाई व्यावसायिक स्तरमा उत्पादन, ब्राण्डिङ, प्याकेजिङ, गुणस्तर परीक्षण, पेटेन्ट राइट र बजारीकरण गर्ने सम्भावनाको पहिचान गर्नका निम्ति देहाय बमोजिमको विधि एवं प्रकृया अपनाई परिक्षण उत्पादन गरिने छ ।

क. सामाजिक परिचालक/स्थानीय तहसंगको छलफल/अन्य विधिमार्फत तथ्यांक संकलन गर्ने,

ख.लक्षित समूह/व्यक्तिसँग अन्तर्क्रिया गरी उत्पादन गर्ने घरपरिवारहरू पहिचान गर्ने, उत्पादन प्रक्रिया र अभ्यास, गुणस्तर नियन्त्रण उपायहरू, प्रयोग गरिने विभिन्न मर्चा, लाग्ने कच्चा पदार्थ र यसको स्रोत, उत्पादनको मात्रा वा निर्माण अभ्यास/प्रक्रियाहरूको बारेमा अनुसन्धान र दस्तावेजीकरण गर्ने

ग. परीक्षण उत्पादनका लागि परम्परागत रुपमा प्रयोग हुने भाडा, उपकरण तथा अन्य आवश्यक क्रियाकलापको पहिचान गरी लागत अनुमान तयार गर्न,

घ. आवश्यकताका आधारमा क्षमता विकास/सीप अभिबृद्धि तालिमप्रदान गर्ने,

ङ. परम्परागत रुपमा प्रयोग हुने भाडा, आवश्यक उपकरण, प्रविधि तथा सामग्री खरिद गरी वितरण गर्ने,

च. प्रयोगशालामा मर्चाको तयारीमा प्रयोग हुने सामग्री तथा गुणस्तर र विभिन्न अवयवहरू अध्ययन गरी दस्तावेजीकरण गर्ने र गुणस्तर मर्चा सिफारिस गर्ने।

छ. परम्परागत मदिराको परिक्षण उत्पादन गर्ने र प्रयोगशालामा कम्तिमा निम्न मापदण्डहरूको अध्ययन गरी दस्तावेजीकरण गर्ने;

- ➢ मर्चाको गुणस्तर र मर्चाको माइक्रोबियल विश्लेषण
- ➢ रक्सीमा हुने दूषित पदार्थ र विषाक्तता
- ➢ संवेदनसिल गुणस्तर, जस्तै रङ, स्वाद र गन्ध
- ➢ औषधीय गुण
- ➢ उत्पादनमा लाग्ने कच्चा पदार्थ (अनाज/फल/फूल/पात) को उत्कृष्ट गुणस्तर
- ➢ रक्सीको विश्लेषण

ब्राण्डिङः प्रक्रिया मापदण्डहरूको अनुकूलन पछि चयन गरिएका घरपरिवारहरूद्वारा उत्पादित मदिराजन्य पेय पदार्थहरू सङ्कलन गरी (इथानोल, स्वाद, रङ र पानी) मिलाएर समान गुणस्तर बनाउन परीक्षण गर्ने, नमुना ब्राण्डिङ, प्याकेजिङ सामग्री तयार गर्ने र यकिन गर्ने बजारीकरणको रणनीति तयार गर्ने

ज. उक्त कार्यक्रमको दीगोपना तथा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायले स्थानीय तह, जिल्ला प्रसासन कार्यालय तथा अन्तरिक राजस्व कार्यालयसंग समन्वय गर्नुपर्नेछ,

झ. पर्यटन डिभिजन कार्यालय रुपन्देही, र पर्यटन डिभिजन कार्यालय कोहलपुरले मन्त्रालय/निर्देशनालय/परिषद्/कार्यालयले अनुसूची- ७ बमोजिमका कार्यक्रमहरुको प्रकृति अनुसार

सम्बन्धित निकाय आफैले वा परामर्शदाताबाट वा लक्षित समूह/समिति वा गैरनाफामूलक संस्थामार्फत कार्यान्वयन गराउन सक्नेछ। त्यस्ता समिति वा समूह वा संस्था प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।

(ञ) परीक्षण उत्पादन गरिएको मदिराको बिक्रि वितरण गर्न पाईने छैन ।

(१४) **विशेष अनुदान/प्रविधि हस्तान्तरण गर्न सकिनेः** सम्बन्धित निकायले लक्षित समुदाय वा कार्यक्रममा परेका लक्षित वर्गका समुदायलाई कार्यक्रमसँग सम्बन्धित प्रविधि हस्तान्तरण गर्न सक्नेछ। उपरोक्त बमोजिमको सहयोग प्रचलित कानून बमोजिम कार्यालयले एकमुष्ठ खरिद गरी स्थानीय तहसँगको समन्वयमा आफैले वितरण गर्न सक्नेछ।

(१५) **लागत अनुमान सम्बन्धमाः** कार्यक्रम कार्यान्वयनको चरणमा जिल्ला दररेटमा समावेश नभएका तथा दररेट नखुलेका क्रियाकलाप र सामग्रीका सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट दररेट कायम गर्नका लागि सम्बन्धित निकायले लेखी पठाउनु पर्नेछ। यसरी स्थानीय तहबाट प्राप्त दररेटका आधारमा लागत अनुमान तयार गर्न सम्बन्धित निकायलाई बाधा पर्नेछैन। प्रविधि हस्तान्तरण/सामाग्री वितरण र उत्पादन जस्ता कार्यक्रमको मुख्य अंशमा बजेट रकमको पचास प्रतिशत रकम नघटने गरी लागत अनुमान तयार गर्नुपर्नेछ ।

(१६) **प्रतिवेदन पेश गर्नुपर्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न गर्न समिति/लक्षित समूह/संस्थाले कार्यक्रम सम्पन्न भएपश्चात् भुक्तानी लिनका लागि सम्बन्धित निकाय समक्ष प्रतिवेदन र आवश्यक कागजात पेश गर्नुपर्नेछ। प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरु र अन्य आवश्यक कागजातहरु प्रचलित कानून बमोजिम कार्यालयले तोके अनुसार हुनेछ।

(१७) **लक्षित समूह/समितिको कर्तव्यः** कार्यक्रम सम्पन्न भएपश्चात् उत्पादित एवं उत्पादन गरिने सामग्रीको व्यवस्थापन, बजारीकरण र उपयोगका लागि समूह/समिति जिम्मेवार हुनेछन् र सो कार्यको लागि सम्बन्धित निकायले सहजीकरण गर्नुपर्नेछ। यसरी बजारीकरण मार्फत हुने आम्दानी र सोको संस्थागत व्यवस्थापनका लागि समूह/समितिका सदस्यहरु बराबरीको हिस्सेदार हुनेछन्।

२५. <u>पूँजीगत अनुसन्धान तथा परामर्शः</u> लुम्बिनी प्रदेशभित्रका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको अध्ययन, अनुसन्धान र दीर्घकालीन योजनाको निर्माण गरी पर्यटन प्रवर्द्धनमा सघाउ पुर्‍याउन सम्बन्धित क्रियाकलापको छुट्टाछुट्टै कार्य क्षेत्रगत शर्त (ToR) बनाई सार्वजनिक निकाय आफैं वा माथिल्लो निकायबाट स्वीकृत गराई लागत अनुमान तयार गरी कानून बमोजिम परामर्शदाता छनौट गरी कार्यान्वयन गर्नुपर्नेछ। यस्ता अध्ययन, अनुसन्धान र दीर्घकालीन योजनाको निर्माण गर्दा दोहोरो नपर्ने गरी गर्नुपर्नेछ।

२६. <u>अन्य संस्थाबाट कार्य गराउन सकिनेः</u> यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य सामुदायिक संस्था (जस्तैः सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानुन बमोजिम गठन भएका अन्य गैर नाफा मूलक संस्थाहरु) बाट स्थानीय उपभोक्ताहरुको आम-भेलाबाट निर्णय भई आएमा वा गैर नाफामुलक संस्थाले सरकारको कुनै रकम नलिई प्राविधिक सहयोग, कार्यक्रम सञ्चालन अथवा समन्वय गर्न आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्न/गराउन सकिनेछ।

मुख्यमन्त्री

२७. <u>सहजीकरण र सहयोग गर्नुपर्नेः</u> उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजना स्थल अनुगमनको लागि सहजीकरण र सहयोग गर्नुपर्नेछ।

२८. <u>भुक्तानी गर्दा पेश गर्नुपर्ने कागजातहरुः</u> (१) कार्य सम्पन्न भएपछि मात्र बिल भरपाई तथा कार्य प्रगतिको आधारमा उपभोक्ता समितिको खातामा नियमानुसार भुक्तानी गरिनेछ। भुक्तानीको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(१) जग्गाको स्वामित्व (सार्वजनिक, गुठी, धार्मिक वन र सार्वजनिक संस्थागत स्वामित्व भएको प्रमाणपत्र)

(२) उपभोक्ता समिति वा संस्था दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्र,

(३) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र,

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, पद, ठेगाना, सम्पर्क नम्बर खुलेको विवरण सहितको स्थानीय तहको सिफारिस पत्र,

(५) सर्भे, डिजाईन, नक्सा तथा लागत अनुमान, कार्ययोजना, खरिद योजना (गुरुयोजना, विस्तृत परियोजनाको प्रस्ताव),

(६) कार्यसम्पन्न भएको स्थानीय तहको सिफारिस।

(७) सवारी साधन भाडामा लिएको भए चालकको सवारी चालक अनुमतिपत्र र सवारीदर्ता प्रमाणपत्र (ब्लुबुक) प्रतिलिपि।

(८) बिल, भरपाई लगायतका सबै कागजातहरुमा समिति वा संस्थाको सहीछाप गरेको।

(९) सम्पूर्ण खर्च अनुमोदन सहितको समितिको निर्णय, खर्च सार्वजनिक प्रतिवेदन र तस्बीरहरु।

(१०) कार्य शुरु हुनुभन्दा अगाडिको, कार्य सञ्चालन भइरहेको र सम्पन्न भएपछिका तस्बीरहरु।

(११) निर्माण कार्यको लागत अनुमान (म.ले.प. फारम नं. ५०१)

(१२) नापी किताव (म.ले.प. फारम नं. ५०३)

(१३) उपभोक्ता/ठेक्का सम्बन्धी बिल (म.ले.प. फारम नं. ५०४)

(१४) कार्य स्वीकार/सम्पन्न प्रतिवेदन (म.ले.प. फारम नं. ५१०)

(१५) डोरहाजिर फाराम (म.ले.प. फारम नं. ५११)

(१६) मूल्य अभिबृद्धि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. बीस हजारभन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएको व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्नुपर्नेछ। साथै, उक्त बिलमा उल्लेखित मू.अ.कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत करकट्टी गरी बाँकी रकममात्र भुक्तानी हुनेछ।

(१७) एक लाख रुपैयाभन्दा कमको बिल भए भ्याट बिल र बढी भएमा कोटेशन माग गरी काम गरेको हुनुपर्ने।

(१८) खाता नम्बर र नाम स्पष्ट देखिने चेकको प्रतिलिपि।

(१९) अग्रिम आयकर, मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र बिल भरपाई बमोजिमको रकम भुक्तानी गरिनेछ।

(२०) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ।

मुख्यमन्त्री

(२१) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२२) आयोजना सम्पन्न भई फरफारक भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नुपर्नेछ। सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-५ बमोजिम हुनेछ।

(२३) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-६ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्नेछ।

(२४) उपभोक्ता समितिले काम शुरु गर्नुभन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची-७ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा अनिवार्य राख्नुपर्नेछ।

(२५) उपभोक्ता समितिले आयोजनाको गुणस्तर परीक्षण प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।

२९. <u>कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नापजाँचः-</u> (१) कार्यालय मार्फत कार्यक्रम कार्यान्वयन गरी अनुगमन, मूल्याङ्कन तथा प्राविधिकबाट नापजाँच गर्ने तथा अनुगमन, कार्यालय आफैले गर्ने वा अन्य सरकारी निकायमार्फत गर्न लगाउन सक्नेछ।

(२) कार्यक्रम कार्यान्वयन वा अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने समिति वा संस्थाको हुनेछ।

३०. <u>अन्य व्यवस्थाः</u> (१) यस कार्यविधिमा उल्लेख भएको कुनै विषय सार्वजनिक खरिद ऐन, २०६३ वा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थाहरुसंग बाझिन गएको भएमा तत् तत् ऐन वा नियमावलीमा भएको व्यवस्था अनुसार नै हुनेछ र नबाझिएको हकमा यसै बमोजिम र अन्यमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

३१. <u>बाधा अड्काउ फुकाउः</u> (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संस्थाहरुले चैत्र मसान्तभित्र पेश गर्नुपर्ने कागजातहरु पेश नगरेमा वा सम्झौता गर्न नआएमा उक्त योजनाको बजेट मन्त्रालयले अन्य कार्यक्रम सञ्चालनका लागि रकमान्तर गर्न र उपभोक्ता समिति वा संस्थाहरुका आयोजना/कार्यक्रम रद्द गर्न सक्नेछ।

३२. <u>बचाउः</u> (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय आफैले कुनै आयोजना/कार्यक्रम सञ्चालन गर्नेगरी कार्य गर्न बाधा पर्नेछैन।

(२) उपदफा (१) बमोजिम कार्यालय आफैले आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नेछ।

मुख्यमन्त्री

## अनुसूची -१
## (दफा ४ सँग सम्बन्धित)
## उपभोक्ता समितिले ब्यहोर्नुपर्ने लागत सहभागिता (नगद वा श्रमदान वा बस्तुगत)

| क्र. सं. | आयोजनाको प्रकृति | लागत सहभागिता (न्यूनतम प्रतिशत) | कैफियत |
|---|---|---|---|
| पर्यटन तथा संस्कृति तर्फ | | | |
| १ | पुरातात्विक, सांस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण र मर्मत सम्भार | न्यूनतम १०% | |
| २ | लक्षित कार्यक्रम तर्फका योजना | न्यूनतम १०% | |

**नोटः**

(१) उपभोक्ताको लागत सहभागिता माथि उल्लिखित सीमा भन्दा कम नहुने गरी सार्वजनिक निकायले व्यवस्था गर्नुपर्नेछ।

(२) खास लक्षित उद्देश्य पुरा गर्न वा अति विपन्न एवम् सीमान्तकृत वर्गका लागि त्यस्ता लक्षितको सहभागितामा हुने कार्यमा उपरोक्त सीमा भन्दा कम सहभागिता अंशमा काम गराउनुपर्ने भएमा त्यस्तो निकायको विभागस्तरको निर्णयका आधारमा लाभ-सुनिश्चितता सम्बन्धी विधिको पालन गरी गर्न सकिनेछ। यसरी निर्णय गर्नुपर्दा सो कार्यको लक्षित उद्देश्य पुरा गर्ने किसिमको हो र उपभोक्ता समिति विपन्न एवम् सीमान्तीकृत वर्गको मात्र हो भनी सम्बन्धित सार्वजनिक निकायले एकीन गरी सिफारिस गरेको हुनुपर्नेछ।

मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची -२

### (दफा ५ को उपदफा (१२) सँग सम्बन्धित)

### उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन फाराम

विवरण पेश गरेको कार्यालयः

(१) आयोजनाको विवरण

आयोजनाको नामः वडा नं.: टोल/बस्तीः

उपभोक्ता समितिका अध्यक्षः सचिवः

(२) आयोजनाको लागतः प्राप्त अनुदान रकम रू. ............................चन्दा रकम रू

जनसहभागिता रकम रू. जम्मा रकम रू.

(३) हालसम्मको खर्च रू. ..............

क. कार्यालयबाट प्राप्त रकम रू............

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रू. .

२. ज्यालाः- दक्ष रूः- अदक्ष रू. जम्मा रू.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रू.

४. अन्यः................

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रूः .................. श्रमको मूल्य बराबर रकम रू.

जिन्सी सामान मूल्य बराबर रकम रू. कूल जम्मा रू.

(५) प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. .............

(६) उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रू. ............

(७). कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः

क.

ख.

(८). समाधानका उपायहरू

क.

ख.

(९). कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

(१०). हाल माग गरेको किस्ता रकम रू.

(११). मुख्य खर्च प्रयोजन

(१२). प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं।

| ............ | ............ | ............ | ......... |
|---|---|---|---|
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |



मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

## अनुसूची- ३

**(दफा १२ को उपदफा (१०) सँग सम्बन्धित)**

**आयोजनाको सम्झौता फारम नमूना**

### सम्झौता-पत्र

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेशको आ.व. २०८०/०८१ को ब.उ.शी.नं. ३०७०००१३ को भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्यालयको नाम (यसपछि पहिलो पक्ष भनिएको) र उपभोक्ता समिति वा संस्थाको नाम (यसपछि दोस्रो पक्ष भनिएको) बीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कार्य सञ्चालन गर्न दुवै पक्षबीच मञ्जुरी भई सम्झौता गरियो।

**तपसिल:-**

**(क) आयोजना/ कार्यक्रमको नामः**

(१) क्रियाकलाप कोडः

(२) खर्च शीर्षकः

(३) विनियोजित बजेट रु.

(४) विनियोजित रकमको ४% कन्टिन्जेन्सी रु.

(५) विनियोजित वजेटको (कन्टिन्जेन्सी बाहेकको) रकमको १०% लागत सहभागिता रु.

(६) आयोजनाको न्यूनतम कूल लागत अनुमानः रु

(७) सम्झौता मितिः २०८०/ /

(८) काम शुरु गर्ने मितिः २०८०/ /

(९) काम सम्पन्न गर्नुपर्ने मितिः २०... / / गतेसम्म

**(ख) सम्झौताका शर्तहरु:-**

(१) कामको परिमाण, आवश्यक सामान र ज्यामीको विवरण तथा खर्च व्यहोर्ने श्रोत स्वीकृत लागत अनुमानमा उल्लेख गरे बमोजिम हुनेछ।

(२) कामको गुणस्तर र डिजाईन प्रथम पक्षबाट स्वीकृत भइ प्रमाणित भएको लागत इष्टिमेट, ड्रइङ्ग, डिजाइन, नक्शा र स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम हुनु पर्नेछ। प्रथम पक्षको सल्लाह र सहमति बेगर दोस्रो पक्षले स्वीकृत डिजाईन र लागत अनुमान हेरफेर गर्न सक्ने छैन। दोस्रो पक्षले आफूखुशी डिजाईन परिवर्तन गरी काम गरेमा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन।

(३) निर्माण सामग्री दोस्रो पक्ष आफैले खरिद गर्नु पर्नेछ, निर्माण सामग्री खरिद गर्दा स्वीकृत लागत अनुमान तथा तोकिएको स्पेशिफिकेसन अनुसार गुणस्तरीय हुनुपर्नेछ।

(४) निर्माण कार्यको लागि साधन श्रोत जुटाउने व्यवस्थित ढंगबाट कार्य सञ्चालन गरी सम्पन्न गर्ने र सम्पन्न भए पश्चात मर्मत संभार गर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

(५) यस कार्यको लागि खरिद गरिएको निर्माण सामग्री तोकिएको काम बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन। कथंकदाचित अन्यत्र प्रयोग भएको पाईएमा वा निर्माण स्थलमा नपुर्याएको खण्डमा दोस्रोपक्षले पाउनुपर्ने रकमबाट परल मूल्य कट्टा गरी थप कारवाही गरी सम्झौता समेत रद्द गरिनेछ।

मुख्यमन्त्री

(६) यो सम्झौता हुनु भन्दा पहिले नै निर्माण गरिसकेको संरचना वा खरिद गरिसकेको सामग्रीको निर्माण र मर्मत सम्भारमा सम्झौताको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

(७) यस सम्झौता बमोजिम काम शुरु गर्ने भनी उल्लेख भएको मितिले १५ दिन सम्ममा पनि काम शुरु नगरेमा कार्यालयले त्यस स्थानको कार्यक्रम स्थगित गर्न सक्नेछ।

(८) सम्झौता अनुसारको काम उपभोक्ता समितिले कुनै ठेकेदारबाट गर्न गराउन पाईने छैन। दोस्रो पक्ष आफूले काम नगरी कुनै ठेकेदारबाट कार्य गराएको पाइएमा सम्झौता रद्द गर्न सकिनेछ।

(९) कार्य सम्पन्न भए पश्चात बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन लगायतका सम्पूर्ण कागजात उपलब्ध भए पश्चात मात्र स्वीकृत बिल भरपाई बमोजिम विनियोजित बजेटको सीमाभित्र रही प्राविधिक नाप जाँच र मूल्याङ्कनको आधारमा एकमुष्ठ रकम भुक्तानी उपलब्ध गराईनेछ। कार्य सञ्चालनको क्रममा रकमको अति आवश्यकता परेमा सम्पन्न भएको कामको आधारमा प्राविधिक मूल्याङ्कन गरी किस्ता रकम उपलब्ध गराउन सकिनेछ।

(१०) लागत अनुमान बमोजिम दोस्रो पक्षबाट ब्यहोर्ने भनिएको रकम कुन कुन शीर्षकमा खर्च भयो सो को स्पष्ट अभिलेख कागजात साथ पेश गर्नु पर्नेछ।

(११) लागत अनुमान तयार गर्दा प्रति इकाई दररेट खुल्ने गरी सञ्चालन वा खरिद गरिने हरेक क्रियाकलाप वा सामग्रीको आइटम वाइज लागत रकम उल्लेख गर्नुपर्नेछ।

(१२) यो सम्झौता गर्दा उपभोक्ता समितिबाट पेश भएको लागत अनुमानको आधारमा गरिएको भए तापनि प्रथम पक्षबाट स्वीकृत लागत अनुमान अनुसार गरिएको कामको भुक्तानी मात्र प्रथम पक्षबाट हुनेछ।

(१३) कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गरी सोही अनुसारका बिल भर्पाई दोस्रो पक्षको आधिकारिक व्यक्तिबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।

(१४) संरक्षण तथा निर्माण सम्बन्धी परियोजना शुरु भए पछि सञ्चालन अवधिभर लागत, निर्माण कार्य शुरु मिति, सम्पन्न हुने मिति खुलेको परियोजना सम्बन्धी विवरण समेटिएको सूचना पाटी परियोजना स्थलमा राख्नु पर्नेछ।

(१५) यो सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा संलग्न दुई पक्ष बीच कुनै विवाद भएमा आपसी समझदारीबाट समाधान गरिनेछ र सम्झौतामा छुट हुन गएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

(१६) प्रथम पक्षले दोस्रो पक्षलाई सम्बन्धित कार्यमा प्राविधिक सल्लाह दिन, नापजाँच गर्न, जाँचपास गर्न र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण गर्ने कामहरु गर्न प्राविधिक खटाउनेछ। प्रथम पक्षले दोस्रो पक्षलाई सम्बन्धित कामको लागि कार्यालयको प्राविधिक जनशक्तिबाट प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति स्थानीय तहबाट सहयोग लिएको हकमा कन्टिन्जेन्सी वापत कट्टा गरिएको रकमबाट प्रथम पक्षले पारिश्रमिक उपलब्ध गराउनेछ। दोस्रो पक्षबाट भएको कामको नियमित सुपरीवेक्षण गर्ने जिम्मेवारी निज कर्मचारीको हुनेछ।

(१७) यो सम्झौताको एक प्रति सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा जानकारी तथा अनुगमनको प्रयोजनका लागि पठाइनेछ।

मुख्यमन्त्री

(१८) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले कार्य सञ्चालन गर्नुपर्नेछ।

(१९) यस सम्झौतामा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयबाट स्वीकृत भएको लागत अनुमान भन्दा फरक पर्ने गरी काम गरेको अवस्थामा त्यस्तो काम वापतको रकम भुक्तानी गर्न प्रथम पक्ष वाध्य हुने छैन।

(२०) यस सम्झौता बमोजिमको यस मन्त्रालयबाट प्राप्त अनुदानबाट गरिने काममा अन्य कुनै पनि स्रोतको दोहोरो प्रयोग नभएको प्रमाणित हुनु पर्नेछ। दोहोरो स्रोतबाट एउटै काम भएको पाइएमा दोस्रो पक्ष स्वयम् पूर्ण रुपमा उत्तरदायी हुनेछ।

(२१) योजनाको फरफारक गर्ने हिसाब किताब बुझाउने लगायतका योजनासँग सम्बन्धित सम्पूर्ण कार्यको जिम्मेबारी दोस्रो पक्षको तर्फबाट सम्झौता गर्ने व्यक्तिले लिनुपर्ने छ।

(२२) दोस्रो पक्षबाट उक्त कार्य सञ्चालन गर्दा प्रथम पक्षबाट प्राप्त बजेट र दोस्रो पक्षबाट हुने साझेदारी रकमबाट निर्माण कार्यको लागत अनुमान तयारी, अनुगमन, निर्माण समिति आदिका लागि पारिश्रमिक, मसलन्द, सञ्चालन खर्च लगायतका शीर्षकमा खर्च गर्न पाइने छैन।

(ग) <u>भुक्तानी गर्दा पेश गर्नुपर्ने कागजातहरुः</u> भुक्तानीको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(१) जग्गाको स्वामित्व (सार्वजनिक, गुठी, धार्मिक वन, कित्ता नं., क्षेत्रफल र स्वामित्व वा भोगाधिकार भएको प्रमाणपत्र)

(२) उपभोक्ता समिति वा संस्था दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्र,

(३) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र,

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको नाम, पद, ठेगाना, सम्पर्क नम्बर खुलेको विवरण सहितको स्थानीय तहको सिफारिस पत्र,

(५) सर्भे, डिजाईन, नक्सा तथा लागत अनुमान, कार्ययोजना, खरिद योजना (गुरुयोजना, विस्तृत परियोजनाको प्रस्ताव),

(६) कार्यसम्पन्न भएको स्थानीय तहको सिफारिस।

(७) सवारीसाधन भाडामा लिएको भए चालकको सवारीचालक अनुमतिपत्र र सवारीदर्ता प्रमाणपत्र (ब्लुबुक) प्रतिलिपि।

(८) बिल, भरपाई लगायतका सबै कागजातहरुमा समिति वा संस्थाको सहिछाप गरेको।

(९) सम्पूर्ण खर्च अनुमोदन सहितको समितिको निर्णय, खर्च सार्वजनिक प्रतिवेदन र तस्बीरहरु।

(१०) कार्य शुरु हुनुभन्दा अगाडिको, कार्य सञ्चालन भइरहेको र सम्पन्न भए पछिका तस्बीरहरु।

(११) निर्माण कार्यको लागत अनुमान (म.ले.प. फारम नं. ५०१)

(१२) नापी किताव (म.ले.प. फारम नं. ५०३)

(१३) उपभोक्ता/ठेक्का सम्बन्धी बिल (म.ले.प. फारम नं. ५०४)

(१४) कार्य स्वीकार/सम्पन्न प्रतिवेदन (म.ले.प. फारम नं. ५१०)

(१५) डोरहाजिर फाराम (म.ले.प. फारम नं. ५११)

(१६) मूल्यअभिबृद्धि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. बीस हजारभन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएको व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्नुपर्नेछ। साथै, उक्त बिलमा उल्लेखित मू.अ.कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र भुक्तानी हुनेछ।

(१७) एक लाख रुपैया भन्दा कमको बिल भए भ्याट बिल र बढी भएमा कोटेशन माग गरी काम गरेको हुनुपर्ने।

(१८) खाता नम्बर र नाम स्पष्ट देखिने चेकको प्रतिलिपि।

(१९) अग्रिम आयकर, मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र बिल भरपाई बमोजिमको रकम भुक्तानी गरिनेछ।

(२०) सम्झौता गर्दाका वखत पेश हुन नसकेका कार्यविधि बमोजिम पेश हुनुपर्ने कागजातहरु दोस्रो पक्षले पन्ध्र दिन भित्र पेश गर्नेछु भनी मञ्जुरी भइ कबुलियत गरेको हुँदा माग भएका कागजातहरु पेश नगरेमा वा झुटा ठहरेमा सम्झौता बदर हुनेछ र प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन। अन्यथा यो सम्झौता स्वत बदर भएको मानिनेछ र दोस्रो पक्षले कुनै कुरामा उजूर गर्ने छैन गरे यसै कागजातबाट बदर गरिदिनु भनी दोस्रो पक्षले कबुलियत समेत गरेको छ।

(२१) कार्यविधिमा उल्लेख भएका अनुसूची २, ३, ४, ५, ६ र ७ का फारमहरु भरी पेश गर्नुपर्नेछ।

(२१) यस सम्झौतामा लेखिएको कुरामा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाटः- | दोस्रो पक्षको तर्फबाटः- |
|---|---|
| नामः- | नामः- |
| पदः- | पदः-<br>सम्पर्क नं. |
| दस्तखतः- | दस्तखतः- |
| साक्षी | साक्षी |
| नामः- | नामः- |
| पदः- | पदः-<br>सम्पर्क नं. |
| दस्तखतः- | दस्तखतः- |
| नामः-<br>पदः-<br>दस्तखतः-<br><u>कार्यालयको सम्पर्क नं.</u><br><u>कार्यालयको छापः-</u> | नामः-<br>पदः-<br>सम्पर्क नं.<br>दस्तखतः-<br><u>समितिको छापः-</u> |

*इति सम्वत् २०८... साल ...................... महिना ............ गते रोज.............. शुभम्।*

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची-४
### (दफा १२ को उपदफा (१२) सँग सम्बन्धित)
### आयोजना खाता

सार्वजनिक निकायको नामः .......................................................................
आयोजनाको नामः .......................................................................
आयोजनाको स्थल/आयोजनाले समेट्ने क्षेत्रः ................................................
आयोजनाको कूल लागतः ..........................................
आयोजना सम्झौता मितिः ..........................................
आयोजना शुरु हुने मितिः ..........................................
आयोजना सम्पन्न हुने मितिः ......................................
आयोजना निरीक्षण गर्ने ईन्जिनियर/प्राविधिकको नामः ..................................................

नोटः यो आयोजना खातामा भएको विवरणहरु, आयोजनासँग सम्बन्धित आम्दानी खर्चको विवरण लगायत अन्य सम्पूर्ण विवरणहरु (आयोजाको लागत अनुमान, नक्सा, डिजाइन, स्पेशिफिकेशन, नगद, आम्दानी तथा खर्च, मालसामान खरिद, खर्च तथा मौज्दात, कामदारहरुको हाजिरी एवम् ज्याला भुक्तानी आदि) उपभोक्ता समितिले अद्यावधिक गरी दुरुस्त राख्नु पर्नेछ।

यो खाता उपभोक्ता समितिले तोकेको व्यक्तिले मात्र अद्यावधिक गर्नुको साथै यस आयोजनासँग सम्बन्धित विभिन्न निकायहरु तथा उपभोक्ताले चाहेको बेलामा सजिलैसँग उपलब्ध हुने गरी सुरक्षित राख्नु पर्दछ। यसका साथै ती व्यक्ति, निकाय तथा उपभोक्ताहरुले यस आयोजनाको प्राविधिक एवम् व्यवस्थापन पक्षसँग सम्बन्धित सल्लाह तथा सुझाव यसै पुस्तिकामा उल्लेख गर्न सक्नेछन्।

यस आयोजनाको विविध पक्षहरुको लेखाजोखा, रकम निकासा तथा अन्तिम मूल्याङ्कन समेत यसै खाताको आधारमा गरिने हुनाले यस पुस्तिकालाई सुरक्षित राख्नुका साथै यस पुस्तिकामा राख्ने हरेक विवरणहरु सही एवम् जिम्मेवार ढङ्गले भर्नु सम्बन्धित उपभोक्ता समितिको दायित्व हुनेछ।

आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा उपभोक्ता समितिले आफूलाई स्पष्ट नभएका कुराहरु आवश्यकता अनुसार सार्वजनिक निकायले तोकेको प्राविधिकसँग सल्लाह गर्नुपर्छ र आयोजनाको नाप, नक्सा आदि स्पष्टसँग निर्दिष्ट स्थानमा भर्नु पर्दछ। साथै आयोजनासँग सरोकार राख्ने अन्य पक्षबाट बेलाबखतमा प्राप्त हुने सल्लाह तथा सुझाव पनि उपयुक्त स्थानमा अभिलेखीकरण गर्नु पर्दछ।

आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भैसके पछि प्रयोग नभएका पानाहरु प्रष्ट देखिने गरी चिन्हद्वारा प्रयोग नभएको भनी उल्लेख गर्नुपर्नेछ। तर, प्रयोग नभएका कुनै पनि पाना च्यातिनु हुँदैन।

आयोजनाको निर्माण कार्य सम्पन्न भैसके पछि लेखापरीक्षण प्रयोजनको लागि माग गरिएमा उपभोक्ता समितिले यो आयोजना खाता सम्बन्धित सार्वजनिक निकायमा बुझाउनु पर्नेछ। सो कार्य सम्पन्न हुना साथ सार्वजनिक निकायले यस खातालाई पुनः सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता गर्नुपर्नेछ।

१. <u>आयोजना खाताको नमूना</u>

(सार्वजनिक निकायको नाम र ठेगाना) ........................................ द्वारा कार्यान्वयन गर्ने ........................................ आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरणहरु पारदर्शी ढङ्गबाट सार्वजनिक समीक्षाको लागि उपलब्ध गराउने उद्देश्यले यो आयोजना खाता .......................... उपभोक्ता समितिलाई उपलब्ध गराइएको छ। यस ........................................ उपभोक्ता



मुख्यमन्त्री

समितिको मिति ........................ को निर्णयानुसार श्री ........................ लाई यो खाता सुरक्षित साथ राखी उपयुक्त ढङ्गले आयोजनाको विवरण राख्ने जिम्मेवारी तोकिएको छ।

आयोजना खाता बुझिलिने व्यक्तिको

दस्तखतः

नाम,थरः

पदः

मितिः

२. सार्वजनिक निकाय र उपभोक्ता समितिको भूमिका एवम् दायित्व

२.१ उपभोक्ता समितिको दायित्व

कार्यविधिको दफा १ मा उल्लेख भए बमोजिमको काम कर्तव्य र अधिकारको परिधिमा उपभोक्ता समितिको दायित्व रहनेछ।

२.२ सार्वजनिक निकाय

कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिमको काम कर्तव्य र अधिकारको परिधिमा सार्वजनिक निकायको दायित्व रहनेछ।

३. उपभोक्ता समिति सम्बन्धी विवरण

३.१ आयोजनाबाट लाभान्वित हुने

(क) वर्ग/समुदायः (ख) जम्मा परिवार संख्याः (ग) जम्मा जनसंख्याः

३.२ उपभोक्ता समिति गठन भएको मितिः

३.३ उपभोक्ता भेलामा उपस्थित संख्याः

३.४ उपभोक्ता समिति गठनको माईन्यूटको छायाँप्रति (संलग्न गर्ने)

| (क) | स्थानीय तहका पदाधिकारीको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
| १ | | | | |
| २ | | | | |

| (ख) | सार्वजनिक निकायको कर्मचारीको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
| १ | | | | |
| २ | | | | |

| (ग) | उपभोक्ताको उपस्थिति विवरण | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम | लिङ्ग | प्रतिनिधित्व गर्ने समुदाय | ठेगाना | हस्ताक्षर |
| १ | | | | | |
| २ | | | | | |

नोटः भेलामा उपस्थित सबैलाई सहभागी गराउने किसिमले उपरोक्त विवरण तयार गर्नुपर्नेछ। उपभोक्ता भेलामा जानकारी दिइएका विषय तथा निर्णयः

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

<u>जानकारी दिइएका विषय</u>

१ ....................................................

२ ....................................................

<u>निर्णयः</u>

१ ....................................................

२ ....................................................

३.५ उपभोक्ता भेलाबाट गठन गरिएको उपभोक्ता समितिको पदाधिकारीको विवरण

| क्र. सं. | पदाधिकारीको नाम | लिङ्ग | पद | बुवा वा पतिको नाम | ठेगाना | नागरिकता नम्बर, जारी मिति र जारी भएको जिल्ला | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोटः उपभोक्ता समितिमा कम्तिमा ३३% महिला अनिवार्य हुनुपर्नेछ। अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला हुनु अनिवार्य हुनुपर्नेछ।

३.६ <u>अनुगमन तथा सुपरीवेक्षण समितिको विवरण</u>

नोटः अनुगमन तथा सुपरीवेक्षण समितिमा उपभोक्ता समितिमा रहेका व्यक्ति रहन पाइनेछैन। कम्तिमा ३३% महिला अनिवार्य हुनुपर्नेछ।

३.७ <u>आयोजना खाता राख्ने आधिकारिक पदाधिकारीको विवरण</u>

पदाधिकारीको नाम पद

१.

२.

(क) सार्वजनिक निकायका पदाधिकारी एवम् आयोजनासँग सम्बन्धित आधिकारिक व्यक्तिहरुले हेर्न चाहेमा जुनसुकै बेला पनि उपलब्ध गराउन सक्ने गरी आयोजना खाता सुरक्षित तबरले राख्नु पर्नेछ।

(ख) आयोजनाको खाता सम्हाल्ने व्यक्ति सात दिन भन्दा बढीका लागि बाहिर रहने भएमा अर्को आधिकारिक पदाधिकारीलाई बुझाएर मात्र जानु पर्नेछ र त्यसको जानकारी सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई गराउनु पर्नेछ।

(ग) यो खातामा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने व्यक्तिले अनिवार्य रुपमा आफ्नो प्रतिक्रिया सुझाब जनाउनु पर्नेछ।

(घ) उपभोक्ता समितिका पदाधिकारीहरु र अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्र नम्बर र जारी भएको जिल्लाको नाम उल्लेख गर्नुपर्नेछ।

मुख्यमन्त्री

अनुसूची- ५

(दफा २८ को उपदफा (२२) सँग सम्बन्धित)

**सार्वजनिक परीक्षण फारमको ढाँचा**

सार्वजनिक परीक्षण फारमको ढाँचा पेश गरेको कार्यालय..........

१. आयोजनाको नामः

(क) स्थलः (ख) लागत अनुमानः रु

(ग) आयोजना शुरू हुने मितिः रु. (घ) आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको नामः

(क) अध्यक्षको नामः (ख) सदस्य संख्याः महिलाः पुरूषः

३. आम्दानी खर्चको विवरणः

(क) आम्दानीतर्फ जम्माः

| आम्दानीको श्रोत(कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो ? खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |

(ख) खर्च तर्फ जम्माः

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामग्री (के के सामग्री खरिद भयो ?) | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ?) | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |

(ग) मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १.नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २.सामग्रीहरु | | |

(घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू):

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँट (कस-कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

उपस्थितिः

१.

२.

३.

रोहवरः नाम थरः पदः मितिः

द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।

मुख्यमन्त्री

## अनुसूची-६

(दफा २८ को उपदफा (२३) सँग सम्वन्धित)

**खर्च सार्वजनिक सूचना फाराम**

मितिः

१. आयोजनाको नामः-

२. आयोजना स्थलः-

३. विनियोजित वजेटः-

४.आयोजना स्विकृत भएको आ.वः-

५. आयोजना सम्झौता भएको मितिः-

६. काम सम्पन्न गर्नुपर्ने मितिः-

७. काम सम्पन्न भएको मितिः-

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः-

आम्दानी र खर्चको विवरण

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम (रू.) | विवरण | रकम(रु.) |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |
| जम्मा | | जम्मा | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो। यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ। साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ। यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ।

| ................ | ..................... | .................... |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# अनुसूची -७

## (दफा २८ को उपदफा (२४) सँग सम्बन्धित)

## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नामः

२. आयोजना सञ्चालन गर्ने कार्यालयको नामः

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं.:

४. आयोजनाको कूल लागत रकम (रु.):

४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत (रु.):

४.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम (रु.):

४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम (रु.):

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची- ८

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

कार्यक्रम/योजना/क्रियाकलापहरु

| क्र.सं. | कार्यक्रम/योजना/क्रियाकलापको नाम |
|---|---|
| १ | परियार जातिको परम्परागत पेशा तथा संस्कृतिको विकास संरक्षण र संवर्द्धन, क्षमता विकास तथा पेशाको आधुनिकीकरण |
| २ | परम्परागत आरन पेशालाई आधुनिकीकरण, प्रविधि हस्तान्तरण तथा क्षमता विकास गरी नयाँ पुस्तामा आधुनिक सीप हस्तान्तरण |
| ३ | पासी, चमार, हरिजन, तेली, धोवि, चिडीमार, नटुवा, सोनाह तथा अन्य लोपोन्मुख जातिको परम्परागत पेशा तथा संस्कृतिको संरक्षण, क्षमता विकास, आधुनिकीकरण, प्रविधि हस्तान्तरण तथा बजारीकरण कार्यक्रम |
| ४ | थारु जातिका बडघरको सीप र ज्ञान पहिचान गरी क्षमता विकास गर्ने, कला संस्कृतिसँग सम्बन्धित वस्तु उत्पादन तथा बजारीकरण गर्ने |
| ५ | कुमाल समुदायको पेशालाई आधुनिकीकरण, उपयुक्त प्रविधिको हस्तान्तरण गरी उत्पादित बस्तुको ब्राण्डिङ तथा बजारीकरण गर्ने |
| ६ | ग्रामीण पर्यटन विकासका लागि गन्धर्वका पुर्ख्यौली पेशा तथा संस्कृतिलाई आधुनिकीकरण, क्षमता विकास, प्रविधि हस्तान्तरण, संरक्षण तथा प्रवर्द्धन गर्ने |
| ७ | संस्कृति जगेर्ना, पुस्ता हस्तान्तरण तथा सीपमूलक तालिम, सामग्री वितरण |
| ८ | काष्ठकला, धातुकला, ललितकला, प्रस्तरकला, मूर्तिकला आदिको संरक्षण र प्रवर्द्धन कार्यक्रम |
| ९ | हस्तकला, काष्ठकला, मूर्तिकला, धातुकला, ललितकला आदिको सीप प्रवर्द्धन, तालिम, सामग्री वितरण कार्यक्रम |
| १० | विभिन्न जातिको परम्परागत कला, बाजा, नृत्यको संरक्षण, प्रवर्द्धन, तालिम सामग्री वितरण |
| ११ | पर्यटन उद्यम विकासका लागि लुम्बिनीको माटो/पानी प्रयोग गरी चिनो उत्पादनमा तालिम र सहजीकरण |
| १२ | परम्परागत कला संस्कृति तथा भेषभुषा संरक्षण |
| १३ | रैथाने खानाहरुको उत्पादन, प्याकेजिङ, तालिम, सामग्री खरिद तथा पूर्वाधार निर्माण (पर्यटन विकास परिषद्सँग समन्वय गरी) |
| १४ | सांस्कृतिक ग्राम व्यवस्थापन, तालिम सामग्री खरिद तथा वितरण |
| १५ | थारु पौराणिक सांस्कृतिक कार्यक्रम |
| १६ | जनजाति लक्षित प्रवर्द्धन कार्यक्रम |
| १७ | बादी समुदायको पेशा र सीपको आधुनिकीकरण, क्षमता विकास, उत्पादन, प्रविधि हस्तान्तरण तथा बजारीकरण कार्यक्रम |

मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या- ०८०/८१
च.नं.:- १४ (वैठक शाखा)

श्री प्रदेश सचिव,
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश ।

विविध विषयको लु.प्र.म.प.बै.सं. १८/२०८०, मिति २०८०/०५/२६ को लुम्बिनी प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु-

**प्रदेश सरकारको निर्णय-**

"उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०८०।०५।२६ को निर्णय सिफारिस अनुरुप बाँकेको राप्ती सोनारी गाउँपालिकामा प्रचलित मापदण्ड बमोजिम सम्बन्धित निकायसँगको समन्वयमा पेय पदार्थ र मदिराको परिक्षण उत्पादन (Trial Production) को व्यवस्था मिलाउने।"

मिति २०८०/०५/२६

(सुमन घिमिरे)
नि.प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

मुख्यमन्त्री